खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खत्याड, मुगु

कर्णाली प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपर्ति गर्ने सम्बन्धी सचना

(प्रकिशत मिति २०७९/०३/२७)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७९/०३/२५ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार यस खत्याड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद करारमा खुला प्रतिस्पर्धाको माध्यमबाट पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले पदपुर्तिको सुचना प्रकाशन भएको मिति १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको
   ख. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष भई ४५ बर्ष ननाघेको
   ग. आधारभुत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनामाको तालिम लिएको

२. दरखास्त दिने स्थान :- खत्याड गाउँपालिकाको कार्यालय खत्याड -७ रामतडी, मुगु

३. दरखास्त दिने अन्तिम मिति :- २०७९/०४/०९

४. आवेदनको दस्तुर :- रू. ५००/- (पाँच सय मात्र)

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरू :- आवेदन स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू
   क. नागरिकता
   ख. न्युनतम योग्यताको लव्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाण पत्र
   घ. काम संग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ. तालिमको प्रमाणपत्र
   च. २ प्रति पासपोर्ट फोटो

७. सेवा, सुविधा तथा अन्य :- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदन ढाँचा र रोजगार सहायक पदको पाठयक्रम लगाएत पदपुर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np तथा यस स्थानीय तहको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

नैन सिंह बुढा 068/8/26

प्रमुख प्रशासकीय अधिकृत